**Butwal Campus Journal, Vol. 4, No. 1-2: 147-160, July-December 2021**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v4i1-2.45015

# रूपन्देही जिल्लामा प्रचलित लोकगीतको अध्ययन

डा. शालिकराम पौड्याल
*उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.*

***Article History:*** *Received 16 August 2021; Reviewed 25 September 2021; Revised 29 November 2021; Accepted 12 December 2021*

## लेखसार

लोकसमुदायमा प्रचलित साहित्य लोकसाहित्य हो । लोकसमुदायमा मौखिक परम्परामा जन्मेको र हुर्केको अलिखित साहित्य नै लोकसाहित्य हो । लोकसाहित्यका विभिन्न विधामध्ये लोकगीत अत्यन्त प्रचलित विधा हो । लुम्बिनी प्रदेशको तराईको जिल्ला रूपन्देहीमा विभिन्न जातजाति र भाषाभाषीका मानिसहरूको बसोबास रहेको छ । यस जिल्लाका आदिबासी थारू र भोजपुरी भाषी समुदाय हुन् भने अन्य नेपाली, मगर, नेवार, गुरुङ जातिको बसोबास यस जिल्लामा निकै पछि मात्र भएको हो । खास गरी तराईमा औलो रोगको महामारीको नियन्त्रणपछि मात्र यस जिल्लामा पहाडी जिल्लाबाट मानिसहरू बसाइँ सरेर आएको देखिन्छ । त्यसैले यस जिल्लामा प्रचलित थारू र भोजपुरी भाषाको लोकगीत प्राचीन हो भने नेपाली भाषाका लोकगीत पछि मात्र विकसित भएको हो । नेपाली लोकगीतहरू पहाडीमूलका मानिसले बसाइँसराइसँगै ल्याए पनि कतिपय गीतमा स्थानीयताको झलक पनि पाइन्छ । थारू तथा भोजपुरी भाषी समुदायमा प्रचलित संस्कार गीतमा विवाह गीत, रत्यौली गीत, पर्वगीतमा होरी गीत, धार्मिक गीतमा चुड्का, आरती, भक्ति गीत, श्रमगीतमा रोपाइँ गीत, सवनाही गीत, सदाबहार गीतमा झुमरा, गाली गीत आदि विशेषरूपमा प्रचलित रहेका छन् । त्यस्तै नेपाली लोकगीतअन्तर्गत संस्कार गीतमा रत्यौली, विवाहगीत, पर्वगीतमा तीजगीत, देउसी र भैलो गीत, गाइजात्रे गीत, धार्मिक गीतमा भजन, आरती, चुड्का, श्रमगीतमा असारे गीत, सदाबहार गीतमा झ्याउरे, रोइला, ख्याली, चुड्का, सालैजो, बाह्रमासा, दोहोरी, बालगीत आदि विशेषरूपमा प्रचलित रहेका छन् । यस लेखमा यिनै गीतहरूको सङ्कलन गरी अध्ययन गरिएको छ ।

**शब्दकुञ्जी** : लोकगीत, संस्कार गीत, पर्वगीत, श्रमगीत, सदाबहार गीत ।

## विषयपरिचय

लोकसाहित्यको जन्म मानिसको जन्मसँगै भएको हो । भाषाको विकाससँगै लोकसाहित्यले विकसित हुने अवसर पायो । भाषा तथा सभ्यताको विकाससँगै मौखिक र श्रुतिपरम्पराबाट शृङ्खलाबद्ध रूपमा युगौंदेखि विकसित हुँदै आएको लोकसाहित्य नै लिखित साहित्यको आधार हो । लोकसाहित्यका लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान, टुक्का आदि विधाहरू रहेका छन् । यस लेखमा स्थानीय क्षेत्रमा प्रचलित लोक साहित्यअन्तर्गत लोकगीतको अध्ययन गरिएको छ । यस क्रममा रूपन्देही जिल्लाका पहाडीमूलका तथा तराईमूलका मानिसहरूको बसोबास भएको स्थानमा प्रचलित लोकगीतलाई अध्ययनको विषयका रूपमा लिइएको छ । रूपन्देही जिल्लाको

लोकगीतको परम्परालाई खोज्दा थारू र भोजपुरी भाषाका प्राचीन लोकसांस्कृतिक परम्पराप्रति जानुपर्ने हुन्छ । तराईमूलका मानिसहरू यस जिल्लाका आदिवासी भएकाले यहाँको मौलिक लोकसाहित्यको अलिखित रूप यिनै जातिका संस्कृतिमा पाइन्छ । पहाडीमूलका मानिसहरू विभिन्न कारणले पहाडबाट तराईमा बसाइँ सरेर आउने क्रममा आआफ्नो क्षेत्रबाट ल्याएका लोकगीतको परम्परामा पनि यस जिल्लामा पाइन्छ । मुख्यतया धौवलागिरि, गण्डकी र लुम्बिनी अञ्चलका विभिन्न जिल्लाहरूबाट बसाइँ सरेर आउने ब्राह्मण, क्षेत्री, मगर, गुरुङ आदि जातिमा प्रचलित रहेको लोकगीत यस जिल्लाको नेपाली लोकगीत हो । यसप्रकार यस जिल्लामा नेपाली, थारू र भोजपुरी भाषाका लोकगीतहरू प्रचलित रहेका छन् । रूपन्देही जिल्लामा नेपाली, थारू र भोजपुरी भाषाका के कस्ता लोकगीतहरू प्रचलित रहेका छन् भन्ने समस्यामा केन्द्रित भई तिनै लोकगीतको खोजी गरी अध्ययन गर्नु यस लेखको उद्देश्य हो । त्यस्तै रूपन्देही जिल्लाका नेपाली, थारू र भोजपुरी भाषामा प्रचलित लोकगीतको मात्र अध्ययन गर्नु यस लेखको सीमा हो ।

## सामग्री सङ्कलन र अध्ययनविधि

प्रस्तुत लेखमा आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा रूपन्देही जिल्लामा प्रचलित लोकगीतको सङ्कलन गरिएको छ भने द्वितीयक स्रोतका सामग्रीका रूपमा लोकगीतका बारेमा भएका अध्ययनलाई लिइएको छ । यसमा प्राथमिक स्रोतका सामग्री क्षेत्रीय अध्ययन र पुस्तकालयीय कार्यबाट गरिएको छ । साथै द्वितीयक स्रोतका सामग्री पुस्तकालय कार्यबाट गरिएको छ । यस लेखमा सङ्कलित सामग्रीको अध्ययनका लागि लोकगीतको सिद्धान्तलाई आधार मानिएको छ ।

## सैद्धान्तिक आधार

लोकसाहित्य लोकजीवनले स्वतः अभिव्यक्ति दिइरहने कुनै सिद्धान्तमा नबाँधिएको जनसमुदायको उन्मुक्त अभिव्यक्तिमा आधारित साहित्य हो, जसमा मानव जीवनका वा लोकमानसका सुखदुःख, आँसुहाँसो, हर्षविस्मात्, उल्लासउमङ्ग, हाँसोरोदन, पीडाक्रन्दन आदिलाई श्रुतिमोहक ढङ्गबाट अभिव्यक्त गरिएको हुन्छ । लोकसाहित्य लोकको साहित्य अर्थात् लोकबाट आएको लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो । यसमा लोकमानसका समस्त क्रियाप्रतिक्रिया गुञ्जन्छन्, लोकको आत्मजीवन बोल्छ । लोकभावनाका प्राचीन उन्मेषलाई मौखिक वा श्रुतिपरम्परामा सुरक्षित गर्ने काम वैदिक ऋषिमुनिहरूले गरेका हुन् । मानवजातिको उपलब्ध सभ्यतामा सबभन्दा प्राचीन साहित्य तिनै मन्त्रद्रष्टा ऋषिमुनिहरूद्वारा रचित सङ्ग्रहका रूपमा रहेको *ऋग्वेद* हो । ऋग्वेदको काव्यमूल्यलाई लोकसाहित्यकै उपजका रूपमा गणना गरिएको पाइन्छ (पराजुली, २०५६, पृ.६१) । युगौंदेखि चल्दै र विस्तारित हुँदै आएको लोकसाहित्यमा आफ्नो देश, आफ्नो राष्ट्रियता प्रतिबिम्बित भएको पाइन्छ (पराजुली, २०५७, पृ.२९-३०) । लोकसाहित्य लेख्यभाषाको विकास हुनु अगाडि मानिसले बोल्न जानेदेखि नै हृदयका अनुभूतिलाई अभिव्यक्त गर्ने माध्यमका रूपमा विकसित हुँदै आएको मानवसभ्यताको मौखिक दस्तावेज हो । लोकसाहित्य मानिस चेतनशील प्राणी भएकाले सुखदुःख, हर्षविस्मात्जस्ता निरन्तर आइरहने क्षणहरूले उत्पन्न गराउने हार्दिक झङ्कारको

अभिव्यक्तिका रूपमा परापूर्वकालदेखि नै मौलाउँदै आएको पाइन्छ (थापा र सुवेदी, २०४१, पृ क,ख) । मौखिक रूपमा व्यक्त हुने र तत्कालै ज्ञान र अनुभव गरिने हुँदा यसमा ललित साहित्यको तुलनामा सरलताको मात्रा बढी हुन्छ । यसमा पनि निर्माण हुन्छ, शब्द प्रयोग र आलङ्कारिक अभिव्यक्ति पाइन्छ तापनि लिखितसाहित्य जस्तो कृत्रिम र दुरुह लोकसाहित्य हुँदैन (बन्धु,२०५८, पृ.२३) । तसर्थ लोकसाहित्य भित्रैबाट स्वाभाविक रूपले व्यक्त भएका भावनाको अभिव्यञ्जन हो । लोककथा, लोकगाथा नभएका भए वाल्मीकि, व्यास र होमरका आदि महाकाव्यिक रचनाहरू प्राप्त हुने थिएनन् । गेटे लोकसाहित्यको गीतितत्त्व कथात्मकताबाट प्रभावित छन् भने वर्डस्वर्थ र कलरिजको संयुक्त कवितासङ्ग्रह *लिरिकल ब्यालेड्स* लोकगीतकै छन्दमा रन्किन्छन् (त्रिपाठी, २०२७, पृ.६-७) । यसप्रकार लोकसाहित्य लोकजीवनको सहज तथा सरल अभिव्यक्ति हो । लोकसाहित्यअन्तर्गत लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, गाउँखाने कथा र उखान आदि पर्दछन् ।

लोकसमुदायले परम्परागत रूपमा गाउँदै र सुनाउँदै आएका गेयात्मक लोकसाहित्य लोकगीत हो । लोकजीवन र लोकसंस्कृतिको जीवन्त झलक पाइने लघुआकारको आख्यानमुक्त रचनालाई लोकगीत भनिन्छ (लामिछाने, २०७७, पृ. १२७) । लोकगीत लोकसाहित्यका विधाहरूमध्ये सबैभन्दा समृद्ध, व्यापक र लोकप्रिय रहेको छ । आदिमानवले प्रकृतिको प्रजनन शक्ति देखेर सुख तथा विनाश शक्ति देखेर दुःखको अनुभूति गरी तिनै भावको अभिव्यञ्जना गर्दा लोकगीतको जन्म भएको मानिन्छ । मानव जीवनका सन्तोष र उल्लास एवम् परिश्रमको थकान बिर्सन गरेको गुनगुनाहट नै लोकगीतका बीज हुन् । "लोकभावना वा विचारको मौखिक एवम् श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ" (शर्मा र लुइटेल, २०६३, पृ. ७४) । समस्त जनसमाजमा चेतन अचेतनरूपमा भएका भावनाहरू जब गीतका रूपमा अभिव्यक्त हुन्छन् तब त्यो लोकगीत हुन्छ । लोकगीतमा लोकजीवनका विभिन्न रागात्मक वृत्तिहरूको अभिव्यक्ति हुन्छ । लोकविश्वास, प्रथा एवम् परम्पराको रक्षा गर्दै लोकजीवनले आफ्ना रागात्मक वृत्तिहरूलाई स्वतस्फूर्त तथा लयात्मक रूपमा अभिव्यक्ति गरेको लोकसाहित्य नै लोकगीत हो (उप्रेति, सन् २०००, पृ. ५५) । लोकगीतमा जीवन विकासको गाथा अभिव्यक्त भएको हुन्छ । यसमा जीवनका सुखदुःख, मिलनविछोड, उतारचढावका भावना, सामाजिक रीतिथिति आदिको अभिव्यक्ति हुन्छ । लोकगीतमा जीवनको शाश्वत सत्यको झलक पाइन्छ (जैन, सन् १९९९, पृ. ३) । यसैले लोकगीत अनादिकालदेखि सामूहिक भावनाहरूको सहज अभिव्यक्तिको माध्यमका रूपमा रहेको देखिन्छ । "लोकगीत लोकसमुदायमा परम्परादेखि लोकसाङ्गीतिक सम्पदाका रूपमा लोकभावनालाई आत्मसात् गर्दै ठिक्कको आकारको प्रभावकारी गेयात्मक वा लयात्मक त्यस्तो स्वतःस्फूर्त अभिव्यक्ति हो, जसमा साँचो अर्थमा लोकजीवन र लोकसंस्कृतिको जीवन्त झल्को पाउन सकिन्छ" (लामिछाने, २०७७, पृ. १३२) । लोकगीतमा लोकजीवनका सुखदुःख, आँसुहाँसो, मायाप्रीति, मिलनविछोड, इच्छाअनिच्छा, संस्कार, चाडपर्वका सन्दर्भ आदि मुख्य विषय बनेर आएका हुन्छन् । यस्ता विविध विषयको प्रस्तुति पाइने लोकगीत विभिन्न अवसरमा गाइन्छ । यस आधारमा लोकगीतलाई सदाबहार लोकगीत, संस्कारगीत, पर्वगीत, धार्मिक गीत, श्रमगीतका रूपमा लिन सकिन्छ । रूपन्देही जिल्लामा प्रचलित लोकगीतहरू यिनै प्रकारअन्तर्गत रहेका छन् ।

## थारू, भोजपुरी र नेपाली लोकगीत

थारू जाति रूपन्देहीका आदिवासी भएको हुँदा रूपन्देहीको मौलिक लोकसाहित्य थारू भाषामा पाइन्छ । थारू भाषाको लोकसाहित्यले नै यहाँको साहित्यलाई प्रशस्त प्रेरणा दिएको पाइन्छ । विशेषतः थारू समाजमा प्रचलित लोकगीतहरूमा तिहारमा गाइने सोहरूई, फागुपूर्णिमामा गाइने फगुवा वा होरी गीत, रोपाईमा गाइने सोरठी वा रोपाईं गीत, तीज वा तिजियामा गाइने झमटा गीत, धान काट्दा गाइने चडिवर, हरूलाता गीत, संवाद गीत, विवाहको संस्कारमा गाइने विभिन्न गीतहरू, देवीदेवताको पूजा गर्दा गाइने भक्तिगीत आदि हुन् । त्यस्तै रूपन्देही जिल्लामा भोजपुरी भाषीको सङ्ख्या धेरै छ । यहाँका लोकगीतमा ग्रामीण जनजीवनको राम्रो चित्रण पाइन्छ । भोजपुरी लोकगीतमा श्रमगीत, पर्वगीत, बाह्रमासा आदि पाइन्छ । त्यस्तैगरी नेपाली भाषी समाजमा जस्तै भोजपुरी भाषी समाजमा गाइने छठ, झिझिया, झरनी, फगुवा गीत जस्ता गीतहरू प्रचलित छन् । तराई शैलीको नृत्यमा धमारी प्रमुख छ । यस्ता नाँचमा घुँघुरा लगाई नाच्ने चलन छ । यसप्रकार रूपन्देही जिल्लाको लोकसाहित्यमा कुनै पनि जातिका आफ्ना रीतिस्थिति, रहनसहन, चाडपर्व र विश्वासका भावना तथा तिनका वेदना र उल्लास अभिव्यक्त भएको पाइन्छ । रूपन्देही जिल्लामा अन्य पहाडी जिल्लाहरूबाट बसाइँ सरेर आएका मानिसहरू छन् । जुन-जुन पहाडी क्षेत्रबाट मानिसहरू आएका छन्, त्यही ठाउँका लोकपरम्परालाई उनीहरूले कायम राखे । नेपाली लोकगीतमा रूपन्देहीको आफ्नो स्थानीय र जातीय मौलिकता पाइन्छ । साथै यस जिल्लामा मूलतः गण्डकी, धवलागिरि र लुम्बिनी अञ्चल आदि क्षेत्रतिर प्रचलित लोकगीत पनि पाइन्छ । यस जिल्लामा प्रचलित लोकगीतमा पर्वगीत, श्रमगीत, धार्मिक गीत, संस्कार गीत, सदाबहार गीत रहेका छन् । यहाँ गन्धर्वगीत, झ्याउरे गीत, भजन, तीजगीत, रत्यौली, देउसी , भैलो, मङ्गलगान, असारेगीत, भदौरेगीत, दाइँगीत आदि बढी प्रचलित छन् ।

## संस्कार गीत

जन्म, चूडाकर्म, उपनयन, विवाह, मृत्यु आदिका सन्दर्भमा गाइने लोकगीतहरू संस्कार गीत हुन् । संस्कार गीत विभिन्न अनुष्ठानसँग सम्बन्धित हुन्छन् र यस्ता गीतहरू प्रायः नारी जातिले गाउने गर्दछन् (जैन, सन् १९९९, पृ. ३९) । यस्ता गीतहरूले मानव जीवनका विभिन्न संस्कारमा माङ्गलिक महत्त्व राख्दछन् । “परम्परादेखि नै जन्म, व्रतबन्ध, विवाह आदि संस्कार सम्पन्न गर्दा माँगल, सगुन, फाग आदि लोकगीत गाइन्छ र यस्ता गीत गाएर इष्ट देवताको आराधना र सम्बन्धित व्यक्तिको मङ्गलकामना गरिन्छ” (लामिछाने, २०७७, पृ. १६६) । यहाँ रूपन्देही जिल्लामा प्रचलित थारू, अवधी र नेपाली संस्कार लोकगीतको उदाहरण दिइएको छ :

## विवाह गीत

थारूजातिमा विवाह गीत प्रचलित रहेको छ । उनीहरुले विवाहको कार्य गर्नुपूर्व आफ्ना कुलदेवता इष्टदेवताहरुलाई निमन्त्रणा गर्दा विवाह गीत गाउँछन् । यो गीत विवाहकार्य मङ्गलपूर्वक सम्पन्न होस् भनेर गाइन्छ, जस्तै :

भुईया नेवतो नेवतो रे नेवतो ब्रम्ह बाबाके थानके

आवा ब्रम्ह बाबा बैंठ तोरे आँगने सतरङ्गिया देवे विछायी रे – ३
आवा ढिउहार बाबा बैठ मोरे आँगने सतरङ्गिया देवे विछायी रे – ३
तुहारे शरण बाबा भै जाग रोपु मोरे जग पुरान होइरे विहन बहु विधि बजलरे
अरे उपर सुगौवा मेरे रहिला हम हु चल बो बिहन रे
हौ तु नौउवा से वरिया आवा आधापुरके बामान रे । (पौड्याल, २०६१, पृ. )

(यस गीतमा भुईमा पूजा गर्दै आफ्ना इष्टदेवता, कुलदेवता, ब्रह्मदेवता, ढिउहार देवतालाई निमन्त्रणा गरिएको छ । हे भगवान् ! तिमीहरूलाई हामीले निमन्त्रणा गरेका छौं, तिमीहरू बस्ने गाउँ आँगनलाई सातरङले सिँगारिएको छ । तिमी आऊ र हाम्रो यस शुभकार्यलाई सम्पन्न गरिदेऊ भन्ने कुरा यसमा प्रकट भएको छ ।)

थारू जातिले छोरीलाई कन्यादान गर्दा यस्तो गीत गाउँछन् :

कजरा त पेन्हले गी बेटी रहले अपन
सेन्दुरा पहिरले बिरान । (पराजुली, २०५७, पृ. ४७४)

(छोरी तिमी गाजल लगाउँदासम्म आफ्नै थियौ अब सिन्दुर लगाएपछि तिमी बिरानी भयौ ।) थारू लोकगीतमा संस्कार खण्डमा विवाहसम्बन्धी थुप्रै गीतहरू छन् । यस्ता गीतमा वर र वधूसम्बन्धी सुकुमार भावना मुछिएका गीतका साथै जन्ती पर्सने बेलाको उद्गार; जग्गेको परिक्रमा, कन्यादान हुँदाका भाव कल्लोल साह्रै मनोरम देखिन्छन् (पराजुली, २०५७, पृ.४७४) । विवाहपछिका घटनामा गाइने विदाइ गीत कारुणिक हुन्छन् ।

भोजपुरी भाषी समाजमा पनि विवाह गीत प्रचलित रहेको छ । छोरीको विवाह ठिक समयमा गर्न नसकी चिन्तित बुबाले आफ्नो मनको बह यसरी पोख्छन् :

(क) ए उतर खोजली गै बेटी दक्षिण खोजली
खोजली मै सिरो जगन्नाथ
तोहरू जुगुत्यिागे बेटी वर नही मिलली
अब बेटी रहवी कुमार । (पौड्याल,२०६१, पृ. २० )

(अर्थात् छोरी जगन्नाथ पुरी, उत्तर दक्षिण दिशा चारैतिर सबैठाउँ खोजे तर तिम्रो लागि योग्य वर मैले पाउन सकिनँ । के तिमी कुमारी त रहन्नौं ?)

(ख) थर थर कपेल थरिया के बारी
उपरा कपेल भगवान्
माण्डपमे कापेल बेटीक दादा
अब माइलु बिहल बेटी हमार
(दुर्योधन लोध, शुद्धोधन गाउँपालिकाबाट लिइएको)

(थर थर काँप्छ थर्कन्छ थाल,माथि थर्कन्छन् भगवान्, बिहे हुने ठाउँमा थर्कन्छन् दुलहीका बुबा, अब विवाहित छोरी मेरी भई । )

## रत्यौली गीत

थारू समुदायमा नेपाली समाजमा महिलाहरूले गाउँदै आएको रत्यौली गीतको देखासिकी गर्दै रत्यौली पाराको गीत पनि गाउन थालेको पाइन्छ, जस्तैः

जब बनरिनिया मुडिया दे मिचे, तब बनरारे खोजने लगे थकरी ।
जब बनरिनिया मुडिया जे थकरे, तब बनरारे खोजने लगे तेलवा ।
जब बनरिनिया तेलवा लगावे, तब बनरारे खोजने लगे रेजवा ।
जब बनरिनिया मुडिया जे रेजे, तब बनरारे खोजने लगे सेन्दुरा ।
जब बनरिनिया सेन्दुरा लगावे, तब बनरारे खोजने लगे टिकुली ।
जब बनरिनिया टिकुली जे पैरे, तब बनरारे खोजने लगे सुरुमा ।
(पौड्याल,२०६१, पृ. २०)

(यस गीतमा नेपाली युवायुवतीहरूलाई व्यङ्ग्य गरिएको छ । भर्खरै विवाह भएका नवदुलहा र नवदुलहीका क्रियाकलापको वर्णन यस गीतमा गरिएको छ । त्यस्तै विवाहपश्चात् दुलहीका आफन्तहरू दुलाहाको घरमा खानपिनका लागि जाँदा अश्लील खालका रत्यौली गीतहरू पनि गाउने गर्दछन् ।

भोजपुरी भाषी समुदायमा पनि विवाहका अवसरमा रत्यौली गीत गाउने गरेको पाइन्छ ।

साँझ भैल सम्झा रहलु तुकहवा
रहलु मय रहलु पियवके दुवारवा
गाईयाका गोबर लिपाल ओनके दुवार
चारो कोने चार कलश धैले
चौमुख दिया जलत ओनके आँगने ।
(दुर्योधन लोध, शुद्धोधन गाउँपालिकाबाट लिइएको)

(रात पर्‍यो, तिमी कहाँ थियौ, म आफ्नो प्रेमिकाका थिएँ गाईको गोबरले आँगन लिपेको छ, चारकुनामा कलश छ, चारैतिर बत्ती बलेको छ )

नेपाली समाजमा विवाह संस्कारमा रातभरि जाग्राम बसेर दुलाहाका घरमा गाइने गीतहरूलाई रत्यौली गीत भनिन्छ । आजभोलि विवाह दिउँसो हुने भएकाले दिनमा समेत रत्यौली गाउने गरिन्छ । नेपाली समाजमा महिलाहरूद्वारा पुरुषको भेषमा अभिनय गर्दै रत्यौली गीत गाइने गरिन्छ (बन्धु, २०५८, पृ. १६१) । यस जिल्लामा महिलाहरूलाई प्रस्तुत गरिने नाचगानका रूपमा रहेको रत्यौली गीतको नमुना अंश यस्तो छ–

डल्लेले डल्लीलाई लग्यो
भिरको बाटो लालटिनै बालेर ।
हे बाबा जान्छु म पोइला
कुनसिततारा र जूनसित । (पौड्याल,२०६१, पृ. २७ )

## पर्वगीत

नेपाली समाजमा वर्षभरिमा आउने कुनै चाडपर्व राष्ट्रियस्तरका हुन्छन् भने कुनै स्थानीयस्तरका हुन्छन् । तिनै चाडपर्वका अवसर आउँदा लोकजीवनद्वारा जुनजुन गीतहरू गाइन्छन्

ती लोकगीत नै पर्वगीत हुन् (पराजुली, २०५७, पृ.१७५) । नागपञ्चमी, तीज, दशैँ, तिहार, छठ, फागुपूर्णिमा, माघी, गाईजात्रा आदि पर्वहरूमा गाइने गीतहरू पर्वगीत हुन् । पर्वगीतमा धार्मिक, पौराणिक कथाको छाप पनि पाइन्छ र ऐतिहासिक घटना र सामाजिक रीतिथितिको झलक पनि पाइन्छ (लामिछाने, २०७७, पृ. १६९) । गौरागीत, सैरेलो गीत, तीजगीत, मालसिरी, भैलो, देउसी, फागु वा होरी जस्ता गीत पर्वगीत हुन् । केही पर्वगीतका उदाहरण यसप्रकार छ :

## तीजगीत

तीज हिन्दु नारीहरूको ठुलो रमाइलो चाड हो । तीजमा विवाहित नारीहरू आफ्नो माइती घरमा आउँछन् र उनीहरू दिदी बहिनी, साथीसहेलीहरूसँग भेटेर निर्धक्कसँग बोल्छन्, भलाकुसारी गर्छन् अनि गीतमा आफ्ना दुःख, मर्म र वेदना पोख्छन् (पराजुली, २०५७, पृ.१७६) । घरआँगनमा, सडकमा, चौबाटामा, मन्दिर वरिपरि भेला भएर गाइने तीजगीतहरू उल्लास र उमङ्ग ल्याउने माध्यम मात्र नभई नारीहरूका दुःख पीडा बिर्साउने माध्यम पनि हो । खासगरी वर्षाऋतुमा पर्ने भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म गाइने गीतलाई तीजगीत भनिन्छ (पौड्याल, २०७४, पृ. ५६) । आजकल तीजगीतमा समसामयिक विषयलाई पनि समेटिएको पाइन्छ ।

पहेली फाँटमा धान खायो सुगाले
पढ्न पनि दिनु भएन बुबाआमाले
नेपालबाट दाजुले शिरफूल पठाए
किन दिन्थिन् भाइज्यूले राखिन्, आफैँले ।
(लक्ष्मी न्यौपाने, बुटवलबाट लिइएको)

कति हाम्रा दाजुभाइको विदेश जाने रहर
दलाललाई पैसा दिन लाग्छ लहर ।
सयकडा दशमा पैसा गाउँमा खोजेर
कमाएर तिर्ने वाचा कबोल गरेर ।
(झलक रेग्मी, बुटवलबाट लिइएको)

## देउसी गीत र भैलो गीत

कार्तिक महिनाको औंसीका दिन साँझ झिलिमिली बत्ती बालेर लक्ष्मीको पूजा गरिन्छ । यसै अवसरमा गाउँघरका किशोरीहरू भैलो खेल्दै गाउँ गाउँ डुल्छन् । त्यसै लक्ष्मीपूजाको भोलिपल्ट साँझको बत्ती बालेपछि गाउँघरका किशोर, प्रौढहरू देउसीको गीत गाउँदै घर घर डुल्छन् । भैलो विशेष गरी नारीहरूको पर्व हो भने देउसी चाहिँ विशेष गरी पुरुषहरूको हो (बन्धु,२०५८, पृ.१६८-१६९) । तिहारका अवसरमा भैलो र देउसी गाइन्छ र खेलिन्छ । देउसी गीतको एउटा सानो अंश :

ए रातो माटो, देउसी रे ।
ए चिप्लोबाटो, देउसी रे
ए लोट्दै पोट्दै, देउसी रे
ए आएका हामी, देउसी रे
देउसी भन्दाभन्दै नाच्न थलियो ।

(पौड्याल,२०६१, पृ. २५)

यस जिल्लामा देउसी गाउँदा विभिन्न चुट्काहरू जोडेर गाउने प्रचलन पनि रहेको छ ।

कात्तिकको कालो औंसीलाई
सेतो पारौं खेलेर देउसीले ।

(पौड्याल,२०६१, पृ. २५)

भैलो गीतको एउटा अंश :

यो घरमा - भैलो
लक्ष्मीले - भैलो
बासै गरुन् - भैलो

## गाईजात्रे गीत

रूपन्देही जिल्लाको बुटवल क्षेत्रमा नेवारहरूको बसोबास बढी हुनाले यहाँ गाईजात्राको अवसरमा विभिन्न भजन तथा व्यङ्ग्य गीतहरू गाएर मनोरञ्जन गर्ने गर्दछन् । गाईजात्रे गीतको एउटा अंश :

बुटवल बिगारी हाल्यो खाली कमाइ गर्नेले
गरेनन् केही काम लुट्न मात्र खोज्नेले ।

(पौड्याल, २०६१, पृ.२६)

## धार्मिक गीत

धार्मिक कार्यका अवसरमा गाइने गीतलाई धार्मिक लोकगीत भनिन्छ । ईश्वरप्रति भक्तिभावना प्रकट गर्ने उद्देश्यका लागि धार्मिक अनुष्ठान गरी त्यसैका अवसरमा गाइने गीतहरू धार्मिक लोकगीतअन्तर्गत पर्दछन् (लामिछाने, २०७७, पृ. १७१) । आरती, भजन, चुड्का, पडेली, धमारी आदि धार्मिक गीत हुन् ।

थारूहरूले देवीदेवताहरूको पूजा गर्दा गाइने गीत धार्मिक गीतमा पर्दछन् । थारू समाजमा देवीदेवताका स्तुतिगान गरिएका गीतहरू मध्ये भगवतीको भजनको एक अंश यहाँ प्रस्तुत गरिएको छ :

आज हाम् जानव गै बहीनो हे काली हे कालीदेवा पाहुन
कियेलाई अगनी मगनी करु, कियेलाई बाँठे के देहु
पानलाई अगनी मगनी कर चनन चौको बइठे के देहु ।

(शर्मा, २०५८, पृ.५७)

(अर्थात् ए बैनीहरू हो आज भगवतीदेवी अतिथिको रूपमा आइरहनु भएको छ। उहाँले मलाई चिन्नु हुन्छ । कुन वस्तुद्वारा आज म उहाँको स्वागत गरूँ र उहाँलाई बस्नका लागि के प्रबन्ध गरूँ ? म सँग के नै छ र ? पान र फूलले स्वागत गर्नेछु तथा बस्नको लागि चन्दन चौकी अर्पण गर्नेछु ।)

भोजपुरी समुदायमा वर्षा नभएर खडेरी परी कृषकहरूको मन आत्तिन थालेपछि इन्द्र महाराजलाई खुसी पारेर पानी पार्नका लागि इन्द्रको पूजा गर्दछन् । गुईठा, पिठो, घिउ, चिनी, धूप, बत्ती, तिल इत्यादि सरजाम जुटाएर यज्ञमण्डप तयार पारिन्छ, बाजा बज्न थाल्छ र गीत गाउन थाल्छन् । यसलाई भोजपुरी बिरहना गीत भनिन्छ जस्तै–

बरसहू–बरसहू इनर देवता

पानीबिनु परलब अकाल हो राम
धोबियाके नाहमे पिरुवा भर पानी
बामना कके असनान हो राम ।
अँठईके चिउरा, गदहीके दही
बामन करे जेवनार हो राम ।
बरसहू–बरसहू इनरदेवता
पानीबिनु परलब अकाल हो राम । (थापा, २०३२ पृ. ९० )

(अर्थात् हे इन्द्र देव, अब त वर्ष नै पऱ्यो । बाहुनहरूले धोबीको भिउटमा राखेको पानीले नुहाउन परिसक्यो । अँठइ (एकप्रकारको कीरा) को चिउरा र गधिनीको दही बाहुनले खान थाले । यसरी पानी नपर्दा अनिकालले छोप्यो । अब त ढिलो नगर हे प्रभु इन्द्र महाराज । )

यो गीत वर्षा नभएका खण्डमा पहाडतिरका लोकगीतमा महादेवलाई पुकारी 'हरहर महादेउ, पानी देऊदेऊ' भनी पानी माग्ने गीतसँग सामञ्जस्य देखिन्छ ।

भोजपुरी समुदायमा यस्ता प्रकारका भक्तिगीत पनि पाइन्छन् :

आमवा लगाउले कावन फला हो विन्द्र पण्डित
पुनर्जन्मले कवनफला होला
गया जिमे पिण्ड पराव उहाँ कौन फलाहोला
होमिया करावले कवन फल होउला विन्द्र पण्डित ।

(दुर्योधन लोध, शुद्धोधन गाउँपालिकाबाट लिइएको)

(यहाँ पण्डितजी लाई आँप लगाउँदा के हुन्छ, पुनर्जन्मको फल कस्तो हुन्छ, पूजामा हवन गराउँदा के फाइदा हुन्छ भनी सोधिएको छ । )

रूपन्देही जिल्लामा जन्म, छैठी, न्वारन, व्रतबन्ध तथा विभिन्न धार्मिक कार्यहरूमा घरआँगनमा तथा मन्दिरमा मानिसहरू भेला भएर भजनकीर्तन गर्ने गर्दछन् । पूजाआजा जस्ता कार्यमा रातभरि जाग्राम बसी भजनकीर्तन गाएर बिहान उज्यालो भएपछि फूलपाती नदीमा लगेर सेलाउने गरिन्छ । यस जिल्लामा प्रचलित भजनको नमुना यस्तो छ–

(क) हा † नारायण शिरवन, नारायण, नारायण
(ख) रामलाई बनिवास, भरतलाई रजाय

भगवान् श्रीकृष्ण र राधिकाको वारेमा यस्ता खालका भजन पनि गाइन्छन् ।

(ग) हे † कृष्ण जन्मे गोकुलमा, राधिका जन्मिन् मथुरा
हा † बजाउन थाले कृष्णले मुरली, नाच्न थालिन् राधिका, झम्कन थाले परेली
हे † कृष्ण फेरि पनि बजाइदेऊ राधाजीको प्यारो मुरली

(विष्णुप्रसाद उपाध्याय, बुटवलबाट लिइएको)

## श्रमगीत

शारीरिक श्रम गरी काम गर्दा गाएने गीतलाई श्रमगीत भनिन्छ । खनजोत गर्दा, कुटोकोदालो गर्दा, मेलापात जाँदा, दाइँ गर्दा, रोप्दा र गोड्दा, घाँस काट्दा गाइने गीत नै श्रमगीत

हुन् (लामिछाने, २०७७, पृ. १७३) । थारू, भोजपुरी र नेपाली भाषामा यस्ता प्रकारका श्रमगीतहरू पाइन्छन् ।

नेपाली जनजीवनमा स्वदेश छाडी लाहुर जाने परम्परा छँदैछ । दुलाहा लाहुर जानेबाट पीडित भएर छटपटाएका अनेकौं बैसालु आइमाईहरू दुःखी छन् । उनीहरूको आत्मा भोजपुरी लोकगीतमा मुखरित भएको पाइन्छ । त्यस्तै बिहे गरिदिएको छोरीलाई घर पठाउँदा बाबुले कसरी फकाएर फुल्याएर पठाउँछ, त्यसलाई पनि भोजपुरी लोकगीतमा अभिव्यक्त गरिएको पाइन्छ ( थापा,२०३२, पृ.९७-९९) । भोजपुरी लोकगीतका संस्कारगीतहरूमा सगुन सगुनौती, कन्यादान, सिन्दुर दान, भेट तथा विदाइका गीतहरू छन् । यस्ता गीतहरू भोजपुरी समाजमा आफ्ना विधिविधान अनुरूप गाइन्छ ।

## रोपाइँ गीत

ए ऽ ऽ कहाँ सई उठी चलल मेल हेवन्ती काना
लगर बहार सबै पिपर मेल ठाडा भैलरे
ए ऽ ऽ उहाँ सेउडी चलल हेवन्तीकाना
लगर बहार वृन्दावन भइल ढडा
जार्य वान सिकिया पवन नही डोले
ताही वन पिय मोर लेलै गिरे बास ।

(दुर्योधन लोध, शुद्धोधन गाउँपालिकाबाट लिइएको)

(अर्थात् महादेव पार्वती जस्तै हेवन्तीकानाको विर्जा भएर विलाप पऱ्यो र विदेशमा गएको लोग्नेलाई स्वास्नीले सम्झेकी हुन्छे । यस्तो घनघोर जङ्गलमा उसले रात कसरी काट्यो, बाघले खायो कि ? वृन्दावनमा के भयो भनेर आफ्नो पतिलाई खोज्दै विलाप गर्दछे । वनको पातहरू समेत नहल्लिएको यस्तो घनघोर जङ्गलमा उसको बास हुनुपर्छ भन्दै चित्त बुझाउँछे ।)

## रोपाइँ गीत (**सवनाही गीत**)

पूर्वही देशवासे आवला सोनारवा
कि हथाव लिहले पिजाड हो मोर बलमुवा
कोइला धधकाइ सोनारा सोनवा गलावल
किराउवा राउवा जोडले रे मोर कगनवा
कगन पहिरी अगन बहारी किस सुरू निरेखल रे गोरी बाहिया
आइसने मे ससुरूको मुस्का चलाउती कि
जाउरे घर होता मोर बलामुवा ।

(दुर्योधन लोध, शुद्धोधन गाउँपालिकाबाट लिइएको)

(प्रिय पूर्व देशबाट सुनार हातमा पिंजडा लिएर आउँछ कोइला बाले र सुन गलाउँदा तिमी कङ्गन जोडाउन लैजाऊ । कङ्गन लगाएर आँगन बढार्दा ससुराले हात हेर्छन । तिमी घर भएको भए यस्ता ससुरालाई गाली गर्दथे ।)

## असारे गीत

असार साउनमा रोपाईंका बेलामा गाउने असारे गीत बर्खेझरीमा रुझेर होस् वा हिलोमाथि खेलेर होस्, हली, बाउसे, रोपाहारा जोसुकैले सुरिलो भाकामा गाउँछन् । यस जिल्लाका फाँटहरूमा रोपाईं चल्दा तराईंबासीहरू नै सक्रिय हुने हुँदा नेपालका पहाडी भेकका खेतहरूमा गाइने गीतहरू छिटफुट मात्रामा पाइन्छ । यस्ता गीत गाउनेहरू पहाडबाटै झरेका हुन् । असारे गीतको अंश–

असारे मासको छिपछिपे हिलो छुनलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छबीस रिन लाग्यो ।
आलीमा हिँड्ने बाउसेदाइको स्यानै त चुएको
छुपु छुपु धान रोप्ने नानीको कम्मरै दुखेको ।
(पौड्याल, २०६१, पृ. २६)

बालीनालीको गोडमेल गर्दा गाइने भदौरे गीत यस जिल्लाका पहाडी क्षेत्रबाट आएका मानिसहरूले गाउने गरेको पाइन्छ, जस्तै–

बटौलीमुनि तिनाउ खोला फनफनी घुमेको
सुखिया ज्यानको रूपडालै देखि ज्यान मैले हुमेको
बाटैमा माथि आरिङ्गाले गोलो पोलौ कि नपोलौ
हितैको माया घरबार भै छौ बोलौ कि नबोलौ ?
(पराजुली, २०५७, पृ.२९६)

## सदाबहार लोकगीत

बाह्रै महिना गाइने गीत सदाबहार गीत हुन् । कुनै खास पर्व, उत्सव, ऋतु, संस्कार आदिको अवसर नचाहिने र मनोरञ्जन प्रदान गर्ने मुख्य उद्देश्यले गाइने गीतहरू सदाबहार लोकगीत हुन् (लामिछाने, २०७७, पृ. १६२) । झ्याउरे, रोइला, देउडा, ख्याली, कौरा, सँगिनी, चुड्का, सालैजो, बाह्रमासा, दोहोरी आदि सदाबहार लोकगीत हुन् ।

थारू समुदायमा प्रचलित झुमरा, ठेकरा, झिलिझिल्ली, भजेठी, होरी नाच आदि लोकनृत्य हुन् । थारू समाजमा झुमरा नाच प्रसिद्ध छ । यस झुमरा नाँचमा पुरुषहरूले आइमाईको बस्त्र पहिरेर तथा गहना लगाएर मयुर झैं फुर्रफुर्र गरी नाँच्छन् । यसमा नाँच्नेहरूको सङ्ख्या कम्तीमा दसजनाको हुन्छ । यसमा मजिरा, मृदङ्ग, मनरा, करताल आदि बाजाहरू बजाइन्छ । यसले पहाडतिर नाचिने मारुनी नाचको झल्को दिन्छ ।

## थारू समुदायमा प्रचलित झुमरा नाचको गीत

ओ कुछ दिन राम उही रहा गैला, सीताके रखवारे ... ३
मुनि काहे कथा पुरान सुनवाँ दुनु भाइ
पहिले कहे मुनि रामचन्द्रके धनुषा चरित्र चलि देखे
धनुषा चरित्र जग सुनके मुनिसँग चली गया हो ... ३
कुन रहियामे चलिइ सेल देखे गुरुके चरण ल पटाए

अरे कैसन हो इस पाथर गुरु देव बताई ... ३

(दुर्योधन लोध, शुद्धोधन गाउँपालिकाबाट लिइएको)

(यो झुमरा गीत नागपञ्चमीदेखि श्रीपञ्चमीसम्म गाउने गरिन्छ । यसमा एक वा एकभन्दा बढी पुरुषहरू महिलाको भेषमा नाच्छन् । मनोरञ्जन प्रदान गर्नका लागि यसको बिच बिचमा हस्यौली ठट्यौली पनि हुन्छ । यो एउटा रामकथाको अंश हो । यसमा राम र सीताको कथालाई प्रस्तुत गरिएको छ ।)

## गाली गीत

बितकुयिया चुडी पहिरे जाली बितकुइँयाके बाजार
उहाँ बासे लाइके आवली साठी भातार रे
(केटी चुडी लगाउन बजार जान्छन् र त्यहाँबाट फर्कदा साठी वटा मर्दलिएर आउँछन् ।)
कच्चा बाँस वाके केइनीया बिन लाफावले
न लफ यी बिटहिनीया बाडी...........
आउरो होला उनीया धुनिया आउरो होला
राज के पुतरे एक ठु रहदिया देखाले आउर
मार हाहा हुतरे ।

(दुर्योधन लोध, शुद्धोधन गाउँपालिकाबाट लिइएको)

पश्चिमाञ्चल विकास क्षेत्रको व्यापारिक केन्द्र तथा भारत जाने आउनेहरूको बाटो यसै जिल्लामा पर्दछ । व्यापारिक दृष्टिले तथा भारत जाने आउने उद्देश्यले आएका भरिया तथा लाहुरेहरूले रक्सीभट्टीहरूमा विश्राम लिँदै लोकगीतहरू सुसेल्दै आएको पाइन्छ । खासगरी लाहुरेहरूले यहाँको नेपाली लोकसाहित्यलाई जगाएका हुन् । लाहुरे तथा भरिया अनि भट्टीवालाहरूले गाउने गीतको अंश यस्तो रहेको छ :

लाहुरे दाइको छत्रेटोपी, कोट कमिज धर्के
तरुनीका शब्द सुन्दा, अब लाहुरे फर्के ।
उँधोबाट लाहुरे आयो जुल्पी लर्काइ–लर्काइ
भट्टिनीले नक्कल पार्छिन आँखा तर्काइ–तर्काइ

नौतुनामा बरै ↑ निम्तो छ मलाई
जानुपर्‍यो नि बरै ↑ जोर मादल भिरेर ।
सालको पात लौ हजुर सिउदूना
हाम्लाई पनि पुराइदेउ नौतुना । (थापा, २०३२, पृ. २२२)

## झ्याउरेगीत

हे मेरी कालेकी आमा
खै त मेरो नौजाले रुमाल

पानी पर्‍यो साँइली कहाँ पर्‍यो गैरी ताल
छिन्छ पोते साइँली छिन्दैन माया जाल ।

गाई चर्ने ठाउँमा भैंसी चऱ्यो
बारै जो भत्कायो, यानी माया ।

हात काट्यो निर जालिसे चुराले
माया फाँट्यो निर गाउँघरका कुराले ।

(झलक रेग्मी, बुटवलबाट लिइएको)

## दोहोरी गीत

यस जिल्लामा प्रचलित पियारी भाकाको दोहोरी गीतको नमुना यस्तो छ :

पुरुष– लाऊ माया आँटेर लाऊ माया आटेर
माया लाइयो पियारी जाम् डाँडै काटेर ।

स्त्री– जाम् भने जाम् त नि, जाम् भने जाम् त नि
दुई चार महिना पियारी बसेर आम् त नि ।

(बन्धु,२०५८, पृ.१४२)

## बाललोकगीत

बालबालिकालाई सुताउँदा, खेलाउँदा, भुलाउँदा गाइने गीतलाई बालगीत भनिन्छ । एउटा बाललोकगीतको नमुना यस्तो रहेको छ :

बाङ्गा बाङ्गा खुट्टीले सिन्की खादौला
लैजाऊ बाबा तिम्रो भोटो नाङ्गै नाचौला ।

(बन्धु, २०६०, पृ. २७५)

## निष्कर्ष

रूपन्देही जिल्लामा थारू, भोजपुरी र नेपाली भाषामा संस्कार गीतमा विवाह गीत, रत्यौली गीत, पर्वगीतमा होरी गीत, तीजगीत, देउसी र भैलो गीत, गाइजात्रे गीत, धार्मिक गीतमा चुड्का, आरती, भजन, भक्ति गीत, श्रमगीतमा असारे गीत, रोपाइँ गीत, सवनाही गीत, सदाबहार गीतमा झ्याउरे, रोइला, ख्याली, चुड्का, सालैजो, बाह्रमासा, दोहोरी, बालगीत, झुमरा, गाली गीत आदि लोकगीतहरू प्रचलित रहेका छन् । यस जिल्लाका आदिबासी थारू र भोजपुरी भाषी भएकाले यहाँको आदि लोकगीत यिनै भाषाका लोकगीत हुन् । यस जिल्लामा पहाडीमूलका मानिसका बिचमा भेट हुँदा तपाईंको पहाड घर कहाँ हो ? भनेर सोध्ने र परिचय लिने परम्परा पाइन्छ । यो यहाँको लोकजीवनले आत्मसात् गरेको आफ्नै वैशिष्ट्य हो । यसबाट थारू, भोजपुरीबाहेक अरू कुनै पनि जातिको मूल थलो रूपन्देही होइन र ती अन्य पहाडी क्षेत्रबाट आएका हुन् भन्ने स्पष्ट हुन्छ । यसप्रकार यस जिल्लाका आदिवासी थारू तथा भोजपुरी भएकाले यिनीहरूको लोकसाहित्य पुरानो छ भने नेपाली लोकसाहित्य खासै पुरानो छैन । यस जिल्लामा लोकसाहित्यको विकास गर्नका निम्ति खासै अनुकुल वातावरण देखिँदैन । देशविदेशका विभिन्न ठाउँका मानिसहरू विविध प्रयोजनले एकत्रित भई बसोबास गर्नु, यो जिल्लाको सीमाना भारतीय भूभागसँग जोडिनु, भारतीय संस्कृतिको प्रभाव पर्नु, विदेशी संस्कृतिको प्रभाव पर्नु, टेलिभिजनबाट मनोरञ्जनपूर्ण विविध कार्यक्रमहरू प्रसारण हुनु,

चलचित्रको विकास हुनुजस्ता कुराहरूले यस जिल्लाको लोकसाहित्यलाई प्रत्यक्ष प्रभाव पारेको छ, जसले गर्दा यहाँको लोकसाहित्यले फस्टाउने मौका पाएको छैन ।

## सन्दर्भसामग्री


उप्रेति, कुन्दनलाल (सन् २०००), *लोकसाहित्य के प्रतिमान,* तेस्रो.संस्क. अलीगढ : भारत प्रकाशन मन्दिर ।

जैन, शान्ति (सन् १९९९), *लोकगीतों के सन्दर्भ और आयाम,* वाराणसी : विश्वविद्यालय प्रकाशन ।

थापा, धर्मराज (२०३२), *मेरो नेपाल भ्रमण,* काठमाडौंः साझा प्रकाशन ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), *नेपाली लोकसाहित्यको विवेचना,* काठमाडौंः पाठ्यक्रम विकास केन्द्र ।

पराजुली, कृष्णप्रसाद (२०५७), *नेपाली लोकगीतको आलोक,* काठमाडौंः वीणा प्रकाशन प्रा.लि. ।

पराजुली, ठाकुर (२०५६), *नेपाली साहित्यको परिक्रमा* ,दो.सं. काठमाडौं, साझा प्रकाशन ।

पराजुली, मोतीलाल (२०४९), *नेपाली लोकगाथा,* कास्की : तारादेवी पराजुली ।

पौड्याल, शालिकराम (२०६१), *रूपन्देही जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविताकृतिको अध्ययन,* स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

पौड्याल, शिवप्रसाद (२०७४), *तीजपर्वको सामाजिक सांस्कृतिक महत्त्व र नारी आवाजका तीजगीतहरू,* बुटवल : सुशीला पौड्याल ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौं : एकता बुक्स ।

बन्धु, चूडामणि (सम्पा.२०६०), *नेपाली बाल विश्वकोश,* काठमाडौँ : नेपाल बालसाहित्य समाज ।

लामिछाने, कपिलदेव (२०७७), *लोकसाहित्यको सिद्धान्त,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५८), *थारू जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था रूपन्देही जिल्ला, करहिया गा.वि.स.को एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव (२०२७), *नेपाली कविताको सिंहावलोकन,* काठमाडौं : साझा प्रकाशन ।